*Nepali*

# वुस्टर पब्लिक स्कूल्स

**डेभिड ए. शिया**
**एथलेटिक डाइरेक्टर**

कमर्स बैंक फिल्ड याट फोली स्टेडियम
३०५ च्याण्डलर स्ट्रिट
वुस्टर मासाचुसेट्स ०१६०२
फोन ५०८–७९९–३०८१ फ्याक्स ५०८–७९९–३०७२

## खेलकुदमा भाग लिनको लागि आवश्यक शारीरिक स्वास्थ्य परीक्षण

मासाचुसेट्स ईन्टरस्कोलास्टिक एथलेटिक एसोसिएसन बोर्ड अफ डाइरेक्टर्सले डिपार्टमेन्ट अफ पब्लिक हेल्थ (जनस्वास्थ्य विभाग) को नीतिलाई पालना गर्न खेलकुदमा भाग लिन शारीरिक परीक्षण आवश्यक पर्ने कुराको लागि विहिबार, जुन ७, २०१२ का दिन मतदान गरेका थिए। राज्यको नियम पालना गर्न हरेक १३ महिना पुगेको दिन शारीरिक परीक्षण गर्न अनिवार्य हुनेछ। उदाहरणको लागि यदि विद्यार्थी खेलाडीको स्वास्थ्य परीक्षण सेप्टेम्बर १४, २०११ मा गरिएको थियो भने उक्त परीक्षणको म्याद अक्टुबर १४, २०१२ मा सकिने थियो। यसको मतलब अक्टुबर १५, २०१२ देखि उक्त विद्यार्थीले स्कूल नर्स अथवा खेलकुद विभागलाई वर्तमान स्वास्थ्य परीक्षण गरेको प्रमाण प्रस्तुत नगरुन्जेल र खेलकुदमा भाग लिनको लागि योग्य ठहरिएको फारम नल्याउन्जेल सम्म खेलकुदको अभ्यास गर्न अथवा प्रतिस्पर्धामा भिड्न अयोग्य ठहरिन्छ। यो हालको यथावत आवश्यकतामा परिवर्तन गरिएको हो जसमा यदि विद्यार्थी खेलाडी अभ्यासको पहिलो दिन आउँदा उसको स्वास्थ्य परीक्षण हालसाली भएको भए उसले त्यो पुरै सिजन खेल्न पाउँथ्यो।

कृपया आफ्नो बच्चाले सिजन भरी खेल्न पाउनको लागि शारीरिक परीक्षण हालसाली भएको निश्चित गर्नुहोस्, अथवा जति सक्दो चाँडो डाक्टरसँग भेटने समय मिलाएर स्वास्थ्य परीक्षण गराई हाल्नुहोस्। यस नियमको कुनै अपवाद हुने छैन, वा डाक्टरको चिट्ठीको आधारमा थप समय दिईने छैन। यो अवस्थाले डाक्टरसँग समय मिलाउन र स्वास्थ्य विमाको कुरामा कठिनाई आउन सक्ला भन्ने महशुस गरेकोले मैले यो अग्रिम जानकारी गराएको छु ता कि हरेक विद्यार्थीले जनस्वास्थ्य विभाग र एम आई ए ए को नियम पालना गर्न सकुन् र खेलकुदमा भाग लिन योग्य ठहरिउन्।